# खण्ड २– अगामी आ.व. २०७५/०७६ को नीति कार्यक्रम तथा बजेट

**२.१.१ सोच :**

नगरपालिकाबासीहरुमा स्थानीय सरकारको प्रत्यक्ष अनुभुति गराई **"न्यायपुर्ण, समतामुलक, समृद्ध एवं शुसासनयुक्त नगरपालिका"** निमार्ण गर्ने ।

**२.१.२ लक्ष्य :**

सार्वजनिक सेवा प्रवाह एवं विकास निमार्णलाई चुस्त,मितव्ययी, पारदर्शी एवं प्रभावकारी बनाईसामाजमा व्याप्त गरिवि, असाक्षरता, असमानताएवं सामाजिक विकृति विसंगतिहरु हटाई सम्पुर्ण नगरबासीहरुको जीवन स्तरमा सुधार ल्याई आर्थिक सामाजिक रुपान्तरण गर्ने ।

**२.१.३, उद्देश्य :**

नगरवासीका जीवनयापनका न्युनतम आधारभुत आवश्यकताहरु शीघ्र परिपुर्ति गर्दै चरम गरिवी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने ।

कृषि,प्रयर्टन,जलस्रोत, भौतिक पूर्वाधारको विकास र विस्तार गरि नगरपालिकालाई आर्थिक समृद्धि तर्फ उन्मुख गराउनु ।

उर्जा,सडक,सुचना तथा सञ्चार र ग्रामीण-शहरी तथा द्धिदेशीय आवद्धता विकासका लागि पुर्वाधार निमार्ण गर्ने ।

आधारभुत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रको विकास गरि मानव विकास सुचकाङ्कमा सुधार गर्ने ।

सार्वजनिक सेवाका क्षेत्रहरुमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धी गरि सुशासन कायम गर्ने ।

**२.२ बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा अवलम्वन गरिएका नीति तथा आधार**

नेपालको संविधानले प्रत्याभुत गरेका मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।

स्थानीय सरकार संचालन ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

संघीय, प्रादेशिक नीति कार्यक्रम तथा वजेट २०७५

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जन)

नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु तथा संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु

दिगो विकास लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु

- स्थानीयस्रोत साधन, नगरपालिकाका जनताहरुका अपेक्षा, आवश्यकता, माँग र सुझावहरु

**२.२.१ क्षेत्रगत नीति तथा आधारहरु :**

(क) **आर्थिक क्षेत्र** : आर्थिक क्षेत्रको कार्यक्रम र बजेट तर्जुमा गर्दा माथि उल्लेखित समग्र नीति तथा आधारहरुको साथ साथै, गरिबी निवारणमा योगदान पऱ्याउने, छिटो प्रतिफल दिने, उत्पादन मुलक रोजगारी बृद्धी गर्न, स्थानीय स्रोत र सीपमा आधारित कार्यक्रमहरु छनौट गर्ने नीति र आधार लिइएको छ ।